नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ७६ २०७८ साल असोज २६ गते मंगलबार (12 Oct. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : डिजिटल जोखिममा ... ३ पृष्ठमा : पत्रकारको न्यूनतम ... ३ पृष्ठमा : अफगानी महिलाद्धारा ...

# दुई महिना भित्रै राजबिराज नगरपालिकाको मुहार फेरिने प्रमुख यादवको दाबी



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

राजबिराज नगरपालिका वडा नं. ६ को कार्यालय भवनको सोमबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ। सोही कार्यक्रममा जेष्ठ नागरिकहरुलाई सम्मान समेत गरिएको छ।

राजबिराजका प्रमुख शम्भु प्रसाद यादबले नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन गरेका हुन्।

भवन उद्घाटन गर्दै प्रमुख यादबले दुई महिना भित्रै राजबिराज नगरपालिकाको मुहार फेरिने जानकारी दिएका छन्। उनले आफ्नो कार्यकालमा धेरै योजनाहरू आएकोले चाडै नै ती योजनाहरू सम्पन्न भई नगरपालिकाको सौन्दर्य नै फेरिने बताए।

प्रमुख यादबले राजबिराज बस पार्क, राजबिराज हटिया लगायत नगरभित्रको रिंग रोडका कार्यहरू दुई महिना भित्रै सम्पन्न हुने दाबी गरे।

उनले राजविराजको अड्डा लाइन, नेता चौकदेखि पश्चिम सिरहा रोड, तेतरी गाछी सडक, तेतरी गाछी-राजदेवी मन्दिर सडक लगायत अधिकांश सडक हिलाम्ये र खाल्टोप्रति चिन्ता ब्यक्त गर्दै ठेकेदारको लापरवाहीका कारण समस्या उत्पन्न भएको बताए।

नगर प्रमुख यादवले सडक डिभिजन कार्यालय, हुलाकी सडक आयोजना र सहरी विकास डिभिजन कार्यालय अन्तर्गतका रहेकाले आफूहरूले केही गर्न नसकेको बताए।

राजबिराज वडा ६ का वडा अध्यक्ष प्रेम यादबको अध्यक्षतामा आयोजित वडा कार्यालय भवन उदघाटन तथा जेष्ठ नागरिक सम्मान कार्यक्रममा वडाका दर्जनौ जेष्ठ नागरिकहरूलाई दोसला ओढाएर सम्मान गरिएको थियो।

राजबिराज नगरपालिकाको सहयोगमा कुल ५४ लाख ७८ हजार ४ सय ९३ रूपैयाको लागतमा ७ कोठे भवन निर्माण गरिएको वडा अध्यक्ष यादबले जानकारी दिए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयकम नायव प्रहरी उपरिक्षक माधव प्रसाद काफ्ले, समाजसेवी ई ईन्द्र नारायण देव, महिदेव चौधरी, राजबिराज नगरपालिका भुतपुर्व वडा अध्यक्ष राधेश्याम साह, वडा कार्यालय भवन निर्माण अनुगमन समितिका राधेश्याम साहलगायतले वडा कार्यालयबाट सेवाग्राहीहरूले सहज रूपमा सेवा पाउने बिश्वास ब्यक्त गरे।

उक्त अवसरमा राजबिराज वडा १४ का सुवालाल मण्डल, राजबिराज वडा १५ रामप्रसाद यादब, राजबिराज वडा १२ का अध्यक्ष हरिहर यादब, राजबिराज ९ का अध्यक्ष शम्भु प्रसाद यादब (

*बाँकी अन्तिम पृष्ठमा*

# पत्रकार झालाई मातृशोक



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका निवर्तमान कोषाध्यक्ष शुभचन्द्र झालाई मातृशोक परेको छ।

उनकी ७५ वर्षिया माता अमृतकला देवी झाको सोमबार बिहान निधन भएको हो।

मैथिली साहित्य परिषद् सप्तरीका पुर्व अध्यक्ष समेत रहेका पत्रकार झालाई परेको मातृशोकप्रति नेपाल पत्रकार महासंघ गहिरो सम्वेदना प्रकट गरेको छ।

सोमबार महासंघका सचिव रामनारायण विश्वासले एक शोकमन्तव्य जारि गर्दै दुःखको यस घडीमा शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गरिएको छ।

**मंगलमय शुभकामना**

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ८, परिवार**

**हार्दिक मंगलमय शुभकामना**



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**माँगिलाल नाई**
**अध्यक्ष**
**राजविराज ७, सप्तरी**

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**जयनारायण मण्डल**
**अध्यक्ष**
**राजविराज ८, सप्तरी**

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**शम्भु प्रसाद यादव (लाली)**
**अध्यक्ष**
**राजविराज ९, मलेठ, सप्तरी**

# डिजिटल जोखिममा बालिका

काठमाडौँ, २५ असोज (रासस) ।
"मायाका कुरा गर्ने, अश्लिल फोटो माग्ने अनि त्यसैमा ब्ल्याकमेल गर्ने गर्दछन्" १८ वर्षीय बाँकेकी बालिका अनु रावतले भन्नुभयो, "मेरो साथीले यस्तो समस्या परेर आत्महत्याको प्रयास नै गरिन्, कतिले आत्महत्या नै गरेका छन् ।

सामाजिक सञ्जालको सही प्रयोगभन्दा पनि दुरुपयोग भइरहेको छ । त्यसको प्रत्यक्ष मारमा किशोरी परेका छन् । धेरै किशोरीले अनलाइनको दुर्व्यहारमा परेका छन् । जसले गर्दा बालबिवाह, बालहिंसा भइरहेको छ ।

"सूचना प्रविधिको विकाससँगै इन्टरनेटको पहुँच सबैलाई जरुरी छ", रावतले थप्नुभयो । "सूचना प्रविधिको विकाससँगै त्यसको सही सदुपयोग कसरी गर्ने भनेर शिक्षा दिन जरुरी छ ।"

कोभिड-१९को जोखिमका कारण धेरै विद्यालय शिक्षा अनलाइनमार्फत भइरहेका छन् । दैनिक बालबालिकाका अनलाइन अर्थात् इन्टरनेटको पहुँचमा छन् । त्यो हुनु पनि जरुरी छ तर प्रविधिको माध्यमबाट हुने सक्ने दुर्व्यवहारबारे जेतना जगाउन जरुरी छ ।

यस्ता समस्याको साक्षी अनु एक्ली होइनन् । सिन्धुली खुर्कोट-८ की १८ वर्षीय सुमित्रा अछामीलाई पनि धेरै किशोरी अनलाइनको दुर्व्यवहारमा परिरहेको अनुभव भएको छ ।

"धेरै किशोरी अनलाइन दुर्व्यवहारमा परेका छन्"- सुमित्राले भन्नुभयो, "आफूमाथि दुर्व्यवहार भयो भने कसरी बच्ने भन्ने पनि किशोरीलाई थाहा छैन, दुर्व्यवहार गर्नेलाई कारबाही हुन्छ भन्ने पनि थाहा छैन ।"

अनलाइनबाट दुर्व्यवहारमा पर्दा उजुरी गर्नुपर्छ । त्यस्ता दोषीलाई कारबाही हुन्छ भन्ने देशभरका धेरै किशोरीलाई जानकारी छैन । जानकारी गराउँदा पनि समाजमा गलत सोच्ने र आफ्नो चरित्रमा प्रश्न उठ्नेजस्ता समस्याले महिलाले समस्या बाहिर ल्याउने गरेका छैनन् ।

साइबर अपराधसम्बन्धी मुद्दाको काठमाडौँ जिल्ला अदालतमा मात्र सुनुवाइ हुने व्यवस्था छ । जसले गर्दा पनि यो विषय दूरदराजका मानिसलाई पहुँच बाहिरको विषय बनेको छ ।

"अनलाइनमा अधिकांश समय बिताउँदा किशोरी यौन दुर्व्यहार र बेचविखनमा पर्न सक्नेसम्म खतरा देखिएको छ" - महिला आयोगका अध्यक्ष कमला पराजुलीले भन्नुभयो, "सामाजिक सञ्जालको नियामक निकाय जरुरी छ ।"

पछिल्लो समयमा देशमा सूचनाप्रविधिको तीव्र विकास भयो तर त्यो अनुरुप सूचनाप्रविधिका राम्रा र नराम्रा कुराबारे मानिसलाई ज्ञान हुन सकेन । मुलुकमा अझै पनि सबै क्षेत्रमा उच्च शिक्षाको पहुँच पुग्न सकेको छैन । साक्षरता दरभन्दा बढी सूचना प्रविधिको विकास भयो । सबैको हातमा मोबाइल, इन्टरनेट छ । त्यसको सदुपयोग गर्नुपर्ने भन्दा दुरुपयोग बढी हुन गयो । त्यसको प्रत्यक्ष प्रभावमा अबोध बालबालिका परिरहेका छन् ।

"देशमा जसरी सूचना प्रविधिको विकास तीव्ररुपमा भयो, त्यो अनुरुप विद्यालय वा कलेजमा जानकारी भएन", आयोगका अध्यक्ष पराजुलीले भन्नुभयो, "सूचना प्रविधिको सकरात्मक र नकरात्मक पक्षको कक्षा सञ्चालन जरुरी छ ।"
प्लान इन्टरनेशनल नेपालले बालिका र किशोरीको अनलाइन प्रयोगबारे गरेको अध्ययन प्रतिवेदन-२०२१ अनुसार बालिका दैनिक सात घन्टा अनलाइनमा बिताउने गरेको पाइएको छ ।

अध्ययनमा सहभागी किशोरी र बालिकामध्ये ५५ प्रतिशतले सात घन्टा अनलाइनमा बिताउने गरेको गरेको पाइएको हो । उनीहरुले विभिन्न सामाजिक सञ्जालबाट गलत र भ्रामक सूचना पाइने, नचिनेका व्यक्तिले सामाजिक सञ्जालमा अनुरोध पठाउने र कुरा गरेर तनाव दिनेजस्ता कार्य हुँदा व्यक्तिगत जीवनमा प्रभाव परेको अध्ययनमा सहभागि बालिकाले बताएका छन् ।

विभिन्न २६ देशका २६ हजारभन्दा बढी किशोरी र बालिकामा गरिएको अध्ययनअनुसार यस्ता गलत सूचना फेसबुकबाट ६५ प्रतिशत, टिकटकबाट २७ प्रतिशत, ह्वाट्स एपबाट २७ प्रतिशत र युट्युबबाट २७ प्रतिशत हुने गरेको उल्लेख छ ।

प्लान इन्टरनेसनल नेपालले बालिका दिवसका अवसरमा अक्टोबर ५ तारिखदेखि बालिकालाई सूचनाप्रविधिबारे ज्ञान दिने र उनीहरुको व्यक्तित्व विकासका लागि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

"पछिल्लो समयमा इन्टरनेटको आवश्यकता र प्रयोग बढिरहेको छ, बालबालिका तथा किशोरकिशोरीको इन्टरनेटमा बढ्दो सक्रियतासँगै उनीहरु हिंसा र दुर्व्यवहारमा परिरहेका छन्", प्लान इन्टरनेसनल नेपालका अभियान विशेषज्ञ सिर्जना बर्खाचायले भन्नुभयो,"हामीले ६ जिल्लाका ३१ पालिकामा बालिकालाई एक दिनका लागि पालिका प्रमुखको पदभार ग्रहण गरी इन्टनेर सुरक्षाको विषयमा जानकारी गराउने कार्यक्रम गर्चौं ।"

यसरी गाउँपलिका, नगरपालिका प्रमुख बनाउँदा बालिका तथा किशोरीमा आत्मविश्वास बढ्नुका साथै सम्बन्धित निकायलाई पनि अनलाइनको महत्व, जोखिम, सदुपयोगका बारेमा काम गर्न दबाब पुग्ने उहाँको भनाइ छ ।

उक्त कार्यक्रम सुनसरी, सिन्धुली, बाँके, बर्दिया, जुम्ला, मकवानपुर र कालीकोट जिल्लाका ३१ स्थानीय तहका विभिन्न पदमा रहेर किशोरी तथा बालिकाले पद ग्रहण गरी इन्टरनेटबाट बालिका तथा किशोरीमा हुनसक्ने जोखिम, अनलाइनका फाइदा-बेफाइदा र सदुपयोगबारे जानकारी गराउने काम भयो ।

देशभरका ६२ जना बालिकाले एक दिनका लागि स्थानीय सरकारको प्रमुख, वडाअध्यक्षलगायत विभिन्न पद सम्हालेका थिए । सो क्रममा अनलाइन सुरक्षाका लागि डिजिटल साक्षरतासम्बन्धी शिक्षा आवश्यक रहेको भन्दै सरकारसँग डिजिटल सुरक्षाको माग पनि किशोरीले उक्त अभियानमार्फत गरेका छन् ।

सरकारले सामाजिक सञ्जाल नियन्त्रण तथा नियमनसम्बन्धी कानून बनाउने क्रममा छ । त्यसका लागि देशभरबाट आवश्यक परमर्श हुने काम भइरहेको छ ।

बालिकाको शैक्षिक, सामाजिक विकास र उनीहरुको संरक्षण गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् २०१२ अक्टोबर ११ देखि बालिका दिवस मनाउन थाल्यो । त्यही दिवसका अवसरमा नेपालसहित विश्वभर नै अन्तरराष्ट्रिय बालिका दिवस मनाइन्छ ।

यसवर्ष बालिका तथा किशोरीका लागि अनलाइन सुरक्षासँग सम्बन्धित रहेर 'डिजिटल जेनेरेसन, आवर जेनेरेसन' भन्ने नारासहित विश्वभर १०औँ अन्तरराष्ट्रिय बालिका दिवस मनाइँदैछ ।

कोभिड-१९ का कारण विश्वभर नै बालबालिका इन्टनेटबाटै अध्ययन गर्न बाध्य छन् । विश्वमै बालबालिका एउटा घरमा बन्धक भएको अवस्था भयो । जसले गर्दा बालबालिका मानसिकरुपमा पनि असर परयो ।

कोभिड-१९ को महामारी तेस्रो वर्षमा प्रवेश गरेसँगै बालबालिका र युवाको मानसिक स्वास्थ्य र भलाइमा ठूलो प्रभाव पर्ने क्रम जारी नै छ । युनिसेफको पछिल्लो उपलब्ध तथ्याङ्कअनुसार विश्वव्यापीरूपमा सात जनामध्ये कम्तिमा एक जना बालबालिका बन्दाबन्दीबाट प्रत्यक्षरूपमा प्रभावित भएका छन् भने एक अर्ब ६० करोडभन्दा बढी बालबालिकाले शिक्षाको अवसर गुमाएका छन् ।

अस्तव्यस्त भएको दिनचर्या, शिक्षा, मनोरञ्जन, साथसाथै पारिवारिक आय र स्वास्थ्यको चिन्ताजस्ता बाधाले गर्दा धेरै युवाले डर, क्रोध र आफ्नो भविष्यप्रति चिन्ता महसूस गरिरहेका उल्लेख छ ।

इन्टरनेटबिनाको संसार अहिले परिकल्पना पनि गर्न नसक्ने भएको छ । सूचना प्रविधिको प्रयोग गर्न नगर्ने भन्दा पनि त्यसको दुरुपयोग रोक्नुपर्छ । सामाजिक सञ्जालदेखि सबै इन्टरनेट प्रदायक सेवा सुरक्षित बनाउन जरुरी छ ।

"सूचना प्रविधिको तीव्र विकास चूनौतीले ल्याएको अवसर हो", राष्ट्रिय महिला आयोगका अध्यक्ष पराजुलीले थप्नुभयो, "कोभिडको महामारीमा अनलाईन शिक्षा, इन्टनेट बाध्यता भयो, तर सुरक्षित बनाउन सबै निकायले ध्यान दिनुपर्छ ।"

इन्टरनेटको विकाससँगै बालबालिकालाई सही को हो ? गलत के हो ? भन्ने विषयमा विद्यालयस्तरदेखि नै कक्षा सञ्चालन गर्नुपर्छ । प्रविधिमैत्री समाज बनाउँदा प्रविधिको उचित प्रयोगका विषयमा पनि ज्ञान दिन जरुरी छ । तीनै तहका सरकार, सरोकारवाला निकाय र अभिभावकले पनि आफ्ना बालबालिकालाई इन्टरनेटको पहुँचबाट सुरक्षित राख्नका लागि ध्यान दिनुपर्ने जरुरी देखिन्छ ।

# सिरहामा महिला उद्योगी व्यवसायी बढ्दै

**राजु विश्वकर्मा**
लहान, २५ असोज (रासस) ।
सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका -४ का सुनिताकुमारी साह यतिबेला गाउँ नजिकैका चोकमा जेनरल स्टोर्स सञ्चालन गरिहरनुभएको छ ।

गत भदौ २१ गते घरेलु तथा साना उद्योग कार्यालय लहानमा सुनिता जेनरल स्टोर्स दर्ता गराउनुभएको उहाँले यतिबेला असल गृहणीसँगै सफल व्यवसायी पनि बन्ने अभियानमा जुट्नु भएको छ ।

उहाँले भन्नुभयो "सुरुमा श्रीमान्लाई सञ्चालक बनाएर जेनरल स्टोर्स दर्ता गराउने सोचमा थिएँ । सरकारले छुट दिने जनाएपछि आफ्नै नाममा दर्ता गराएँ ।" सीप नभएपछि घरकै काममा मात्र सीमित रहँदै आएकी सिरहाको नवराजपुर गाउँपालिका-५ की पिङ्कीकुमारी यादव पनि यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर नजिकैको बजारमा व्यवसायी गर्दै आउनुभएको छ ।

सुनिता र पिङ्की मात्रै होइनन्, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई छुट दिएपछि जिल्लामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ । कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको जिल्लामा विगत केही महिनायता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको हो ।

सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको रु एक करोडसम्मको कारोबारको उद्योग व्यवसायीको दर्तामा रु २०० मात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि जिल्लामा प्रायः महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख दीपेन्द्र यादवले जानकारी दिनुभयो ।

अहिले दैनिक १५ देखि २० सम्म नयाँ उद्योग दर्ता हुने गरेकामा करिब ९० प्रतिशत उद्योग व्यापार महिलाकै नाममा दर्ता हुने गरेको उहाँको भनाइ छ । पुरुषको नाममा उद्योग व्यापार दर्ता गराउदा बढी दस्तुर लाग्ने भएकाले महिलालाई मालिक बनाएर व्यापार दर्ता गराउने क्रम बढेको छ ।

त्यही व्यापार पुरुषको नाममा दर्ता भए कारोबारको हिसाबले रु २५ हजारसम्म दर्ताबापत दस्तुर लाग्ने तर महिलालाई रु २०० सम्म मात्र दस्तुर लाग्ने गरेकोले महिलाको नाममा उद्योग व्यापार दर्ता गराउने गरेको प्रमुख यादवको भनाइ छ ।

कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०७८/७९ को दुई महिनाका अवधिमा जिल्लामा ३३६ नयाँ व्यावसायिक फर्म दर्ता भएको छ । तीमध्ये २६५ व्यवसायको मालिक महिला नै छन् ।

यस्तै सो अवधिमा जिल्लामा दर्ता भएको १५६ उद्योगमध्ये १०८ को मालिक अर्थात सञ्चालक महिला छन् भने बाँकीको मात्र पुरुष रहेको जनाएको छ । नयाँ दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स छन् भने वाणिज्य अर्थात उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढिरहेको छ ।

यसले पनि पछिल्लो समय महिलालाई उद्योग व्यवसायको मालिक बनाउने क्रम बढेको पुष्टि गरेको छ ।

सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुतमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसायी दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाले उद्योग व्यवसायमा ऋण लगानी सहज बनाएका कारण पनि यस्ता घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको जनाइएको छ ।

घरकै काममा मात्र सीमित रहँदै आएकी महिलालाई विस्तारै उद्योग पहिला पहिला महिलालाई उद्योग व्यापारको मालिक बनाउनुहुँदैन भन्ने समाजमा मानसिकता थियो । अहिले त्यो मानसिकता हट्दै गएकोले महिलालाई उद्योग व्यापारको मालिका बनाउन थालिएको स्थानीय बुद्धिजीवीको भनाइ छ ।

लहान उद्योग वाणिज्य सङ्घका अध्यक्ष अशोक अमात्यले भन्नुभयो," पुरुष प्रधान समाजमा महिलालाई मालिक बनाउने संस्कार पहिला थिए । अहिले महिलालाई सुविधा दिन थालेपछि समाजमा रुपान्तरण हुन थालेको छ, यसैको परिणामस्वरुप महिलालाई मालिक बनाउन लागिएको हो ।" सुरुमा उद्योग व्यापारको मालिक केबल पुरुष मात्रै अधिकांश हुँदा सङ्घमा महिलाको सङ्ख्या एकदमै न्यून थियो, अब विस्तारै बढ्न थालेको उहाँको भनाइ छ ।

# चालक अनुमतिपत्रको कार्ड डेढ महिनाभित्र आइपुग्ने

काठमाडौँ, २५ असोज (रासस) ।
लामो समयदेखि प्राविधिक समस्याका कारण रोकिएको चालक अनुमतिपत्रको कार्ड एकदेखि डेढ महिनाभित्रमा आइपुग्ने भएको छ ।

लामो समयसम्म छपाई उपकरण (मास प्रिन्टर)मा कार्ड नमिलेकाले कार्ड आउन सकेको थिएन । 'मास प्रिन्टर' एउटा कम्पनीबाट खरिद गरिएको र कार्ड अर्को कम्पनीबाट खरिद गरिएकाले समस्या आएको यातायात व्यवस्था विभागले जनाएको छ । अहिले कार्ड मास प्रिन्टरमा मिलेकाले ल्याउन भनिएको महानिर्देशक नमराज घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "कम्पनीसँग कार्ड ल्याउने विषयमा कुराकानी भइरहेको छ ।"

चालक अनुमतिपत्रको पहिलो सम्झौताअनुसार १४ लाख आउनुपर्ने विभागले जनाएको छ ।

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पत्रकारको न्यूनतम पारिश्रमिक : सिफारिस हुन्छ, कार्यान्वयन हुँदैन

काठमाडौं, २५ असोज (रासस)।

पत्रकारको न्यूनतम पारिश्रमिकबारे पटक-पटक सिफारिस भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन। न्यूनतम पारिश्रमिक निर्धारण समितिले पछिल्लो पटक २०७५ सालमा रु १९ हजार ५०० लाई बढाएर रु २९ हजार ५०० र सञ्चार खर्च गरी रु ३० हजार ५०० पु¥याए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयन नगरेको भन्दै नेपाल पत्रकार महासङ्घ र विभिन्न भातृ सङ्गठनले सङ्घर्षका कार्यक्रमसमेत गर्दै आएका छन्। विभिन्न बहानामा सञ्चारगृहले न्यूनतम पारिश्रमिक कार्यान्वयन नगर्ने, श्रमजीवी पत्रकारलाई निष्काशन गर्ने, दबाबपूर्ण बिदामा राख्ने र तलबभत्ता कटौती गर्नेलगायत समस्यालाई लिएर पत्रकार महासङ्घमा १७५ जनाको उजुरी परेको छ। तीमध्ये महासङ्घकै अगुवाइमा १०० जनाको समस्या समाधान गरिएको महासचिव रोशन पुरीले जानकारी दिनुभयो।

उहाँले माउण्टेन टेलिभिजन, इमेज टेलिभिजन, एभिन्यूज टेलिभिजन, नेपाल एफएम, अन्नपूर्ण पोष्ट, रेडियो सगरमाथा, कान्तिपुर पत्रिका र अर्थ डबलीलगायत मिडिया हाउसमा न्यूनतम पारिश्रमिकजस्ता पत्रकारका विभिन्न समस्या रहेको समेत जानकारी दिनुभयो।

श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्ने माग गर्दै महासङ्घले गत शनिबार माइतीघर मण्डलामा आयोजना गरेको धर्ना कार्यक्रममा ऐक्यबद्धता जनाउँदै नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपाललगायत सङ्गठनले चाडपर्वको समयमा तलबभत्ता कटौती गरी श्रमजीवी पत्रकारको बिचल्ली बनाउने मिडिया हाउस सञ्चालकको घरमै धर्ना दिने चेतावनी दिएका थिए।

समितिले पुनरावलोकनका लागि तीन वर्षअघि गरेको नयाँ पारिश्रमिकअनुसार क, ख र ग वर्गमा पर्ने राष्ट्रियस्तरका पत्रपत्रिकामा कार्यरत श्रमजीवी पत्रकारका लागि क्रमशः रु २९ हजार ५००, रु २७ हजार ५०० र रु २४ हजार ५०० तथा प्रादेशिकस्तरका पत्रपत्रिकामा कार्यरत श्रमजीवी पत्रकारका लागि क्रमशः रु २१ हजार ५००, रु २० हजार र रु १८ हजार तोकेको छ।

यस्तै स्थानीयस्तरका पत्रपत्रिकामा कार्यरत श्रमजीवीका लागि क्रमशः रु१८ हजार, रु१७ हजार र रु १६ हजार न्यूनतम पारिश्रमिक तोकिएको छ। समितिले ५०० वाटभन्दा बढी क्षमताका रेडियोमा कार्यरत श्रमजीवी पत्रकारका लागि रु २९ हजार ५००, ५०० वाट क्षमतासम्मका रेडियोमा कार्यरत श्रमजीवीका लागि रु २१ हजार ५०० र रु १०० वाटसम्म क्षमताका रेडियोमा कार्यरत श्रमजीवी पत्रकारका लागि रु १८ हजार मासिक न्यूनतम पारिश्रमिक तोकेको छ।

टेलिभिजन प्रतिष्ठानमध्ये स्याटलाइट टेलिभिजनमा कार्यरत श्रमजीवी पत्रकारका लागि न्यूनतम पारिश्रमिक रु २९ हजार ५०० र केबुल टेलिभिजनमा कार्यरत श्रमजीवी पत्रकारका लागि रु २१ हजार ५०० निर्धारण गरिएको छ। प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहालले वार्ता र सम्वादलाई जारी राख्दै काम लगाउने तर तलब नदिने मिडिया हाउस सञ्चालनको घरमा नै धर्ना दिनुपर्ने बताउनुभयो।

प्रेस युनियनका कोषाध्यक्ष सरोज अधिकारीले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका निम्ति मिडिया सञ्चालक, सरकार र सम्बन्धित निकायबीच छलफल गर्नुपर्नेमा जोड दिनुभयो। समितिले स्ट्रिन्जर समाचारदाताका हकमा राष्ट्रियस्तरका सञ्चार प्रतिष्ठानमध्ये पत्रपत्रिकामा प्रतिसमाचार रु ३५०, रेडियोमा रु ३०० तथा टेलिभिजनमा रु ९०० तथा प्रादेशिक तथा स्थानीय सञ्चारमाध्यमअन्तर्गत पत्रपत्रिकामा रु २२५, रेडियोमा रु २२५ र टेलिभिजनमा रु ७५० पुनरावलोकन गर्ने भनेको थियो।

त्यसैगरी राष्ट्रिय सञ्चार माध्यममा क, ख र ग वर्गका काम गर्ने कर्मचारीलाई क्रमशः रु २१ हजार ५००, रु २० हजार ५०० र रु१८ हजार तथा प्रादेशिक सञ्चारमाध्यममा क, ख र ग वर्गमा काम गर्ने कर्मचारीलाई क्रमशः रु १९ हजार, रु१८ हजार र रु१६ हजार सिफारिस गरिएको थियो।

स्थानीय सञ्चार माध्यम क, ख र ग श्रेणीमा कार्यरत कर्मचारीका लागि क्रमशः रु १६ हजार, रु १५ हजार र रु १४ हजार सिफारिस गरिएको थियो। न्यूनतम पारिश्रमिक निर्धारण समितिले गत साउन २२ गते श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्न सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको छ। समितिले देशमा बढेको महँगी र अन्य क्षेत्रका कामदारको पारिश्रमिकमा वृद्धि हुँदा पनि श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक २०७५ देखि पुनरावलोकन नभएको स्थितिमा कार्यदल गठन गरिएको समितिका अध्यक्ष राजेन्द्र अर्यालले जानकारी दिनुभयो।

उहाँले समितिले न्यूनतम पारिश्रमिक पुर्नरावलोलक गरी सरकारलाई सिफारिस मात्रै गर्ने जानकारी दिँदै कार्यान्वयनका लागि सरकार, मिडिया सञ्चालक र पत्रकार महासङ्घलगायत सङ्घ/संस्थाबीचगहन छलफल हुन जरुरी रहेको बताउनुभयो। अदालतले पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्नु भनेर आदेश गरिसक्दासमेत कार्यान्वयन नभएको उहाँको भनाइ छ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले महासङ्घले पटक-पटक आग्रह गर्दासमेत मिडिया हाउसले सुनुवाइ नगरेपछि अब आन्दोलन गर्नुको विकल्प नहुने बताउनुभयो।

प्रेस चौतारीका उपत्यका इन्चार्ज प्रकाश सिलवालले तलब नपाउने वा समस्या झेलिरहेका पत्रकारको प्रस्ट तथ्याङ्क महासङ्घले सार्वजनिक गर्नुपर्ने माग गर्दै वार्ता र सम्वादसँगै मिडिया हाउस र सञ्चालकको घरमै आन्दोलन गर्नुपर्नेमा जोड दिनुभयो।

प्रगतिशिल पत्रकार सङ्घ नेपालका अध्यक्ष नारायण शर्मा, प्रेस मञ्च नेपालका अध्यक्ष केशव अर्याल, आदिवासी जनजाती पत्रकार महासङ्घका अध्यक्ष डण्ड गुरुङ, समाजवादी प्रेस सङ्गठनका नेता राजकुमार एलन र रिपोर्टर्स क्लब नेपालका अध्यक्ष ऋषि धमलाले पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

अनुचित सरुवा गर्ने, नियमित पारिश्रमिक नदिने र अवकासपछि कानूनअनुसारको सेवा सुविधा नदिनेजस्ता कार्यविरुद्ध महासङ्घले पटक-पटक सम्बन्धित सञ्चार गृहसँग पत्राचार, सम्वाद, कानूनी उपचार तथा दबाब दिँदासमेत कुनै सुनुवाइ नभएको भन्दै महासङ्घले निरन्तर सङ्घर्षका कार्यक्रम गर्दै आएको छ।

## संक्रमण दर पाँच प्रतिशतभन्दा कम

काठमाडौं, २५ असोज (रासस)।

नेपालमा कोरोना भाइरसको सङ्क्रमण दर पाँच प्रतिशतभन्दा कममा झरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार कोभिड-१९ परीक्षण गर्दा सङ्क्रमण दर पाँच प्रतिशतभन्दा कम देखिएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

आइतबार १२ हजार ४०४ जनामा कोरोना भाइरस परीक्षण गर्दा ५९६ जनामा सङ्क्रमण देखिएको थियो।

उहाँका अनुसार हिजोको सङ्क्रमण दर कोरोना भाइरसको दोस्रो लहरको शुरुवात पछिकै सबैभन्दा कम हो।

पछिल्लो एक महिनाका बीचमा ६० प्रतिशतले सङ्क्रमण घटेको छ। मन्त्रालयका अनुसार भदौको पहिलो साता ४० हजार ३३८ सक्रिय सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो सङ्ख्या १५ हजार ९४२ पुगेको हो।

कोरोना भाइरस विरुद्धको खोप, सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागु गर्न देखाएको तदारुकता र महामारी नियन्त्रणमा नेपाल सरकारले अख्तियार गरेको नीतिका कारण सङ्क्रमण घट्दै गएको देखिएको छ।

उहाँका अनुसार भदौको पहिलो साता ४० हजार ३३८ जना सक्रिय सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो सङ्ख्या १५ हजार ९४२ पुगेको छ। सङ्क्रमणमा उल्लेख्य कमी देखिएका कारणमध्ये कोरोना भाइरस विरुद्धको खोपको पनि योगदान रहेको बताइएको छ।

यस्तै काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरमा पहिलो मात्रा ८१ प्रतिशत र पूर्णमात्रा ७४ प्रतिशतलाई कोरोना विरुद्धको खोप लगाइएको छ। यस्तै उपत्यकामा १७ लाख ४५ हजार ५७० जना र पूर्ण मात्रा १७ लाख ७९ हजार ८९७ जनालाई खोप लगाइएको छ।

### चालक अनुमतिपत्रको...

विभागले चाँडो ल्याउन सहजीकरण गरिदिने भएको छ। अहिले १४ लाख कार्ड आएपछि तत्कालका लागि समस्या हट्ने र आगामी दिनमा पनि त्यही समस्या दोहोरिन नदिन ध्यान दिइने महानिर्देशक घिमिरेले बताउनुभयो।

विभागमा कार्ड आएपछि झण्डै आधा अहिले नै छाप्नुपर्ने छ। आगामी दिनमा पनि अनुमतिपत्रको समस्या आउन नदिने कुरामा ध्यान दिइने उहाँले बताउनुभयो। विगतमा प्राविधिक समस्याले आएकाले अब ठेक्का गर्दा ती कुरामा ध्यान दिइन्छ।

सेवाग्राहीलाई सजिलोका लागि सुरू गरिएको 'स्मार्ट' चालक अनुमतिपत्र सोचेजस्तो हुन सकिरहेको छैन। विभिन्न समस्याका कारण सेवाग्राहीले समयमा अनुमतिपत्र पाउन सकिरहेका छैनन्। पहिले उपकरणको क्षमता कम भएकाले सेवाग्राहीले समयमा अनुमतिपत्र पाउन सकिरहेका थिएनन्।

दुई वर्ष पहिले विभागले एउटै ठेक्काबाट ठूलो क्षमताको उपकरण (मास प्रिन्टर) र १० लाख कार्ड ल्याइएको थियो। त्यो कार्ड अब एकदुई हजार मात्रै बाँकी छन्। कार्ड अभावमा विभागले अति आवश्यक पर्नेलाई मात्रै अनुमतिपत्र छापिरहेको छ। यातायात कार्यालयहरुले भने एक वर्षका लागि अस्थायी चालक अनुमतिपत्र सुरू गरेका छन्।


## जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुरोध

चाड पर्वको समयमा अयखष्म-ज्ञढ लाई मध्यनजर राखी अनुशासित भई अवाञ्छित गतिविधी हुन नदिई चाड पर्व मनाउन हुन र मा.प.से., जुवा तास, चोरी, लुटपाट तथा शंकास्पद गतिविधीहरु भएमा तुरुन्त प्रहरीलाइ खवर गर्न हुन र बहुमुल्य गरगहना लगाएर मठ मन्दिर तथा धार्मिक स्थलहरुमा नजान हुन सर्वसाधारण नागरिकहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीले हार्दिक अनुरोध गर्दछ।


## विश्व समाचार

### अफगानी महिलाद्धारा राजनीतिक तथा सामाजिक समावेशिता माग

काबुल, २५ असोज (रासस/एएनआई)।

राजनीतिक तथा सामाजिक क्षेत्रमा समावेशी सहभागीताको व्यवस्था गर्न अफगानिस्तानका महिलाहरुले माग गरेका छन्। दर्जनौ महिला अधिकारकर्मीहरुले सहभागीता र समावेशिताको माग गर्दै राजधानी काबुलमा प्रदर्शन समेत गरेका छन्।

तालिवानले गठन गरेको अहिलेको अन्तरिम सरकारमा महिला सहभागीता नभएको र सरकारले महिला सहभागीताका अन्य कदमहरु पनि नचालेकोमा उनीहरुको विषेश चिन्ता थियो।

"नयाँ सरकार र उनीहरुको शासनकालमा महिलाको हक अधिकार, स्वतन्त्रता, सहभागीता र समावेशीताको विषय अझै पनि अनिश्चित र अन्यौलपूर्ण रहेकाले त्यस तर्फ हामीले ध्यानाकर्षण गराएका हौं," एक महिला अधिकारकर्मीले भन्नुभयो। उहाँकाअनुसार अफगानिस्तानमा महिला अधिकार, स्वतन्त्रता र समावेशिताको माग गर्दै १०० भन्दा बढी देशमा प्रदर्शन भएको छ।

विश्वभरीबाट दवाव भएपनि महिला अधिकारको पक्षमा तालिवान सरकारले कुनै उदारता देखाएको छैन। तर महिलाको शिक्षा, रोजगारी र राजनीतिक क्षेत्रमा महिला सहभागीता गराउने प्रतिवद्धता भने जनाउदै आएको छ।

विश्व समुदायलाई आफूहरु सुधिएको, उदार भएको देखाउका तालिवान सरकारले मौखिक प्रयास गरेपनि व्यवहारमा भने देखिएको छैन। तालिबानमा अहिले पनि महिलाहरुलाई रोजगारीका लागि र अध्ययन अध्यापनका लागि विद्यालय जान रोक लगाइएको छ। त्यसैगरी राजनीतिक क्षेत्रमा पनि कुनै स्थान दिइएको छैन।

तालिबान विद्रोहीले झण्डै २० बर्षपछि अफगानिस्तानको सत्ता हातमा लिएका छन्। विद्रोहीले राजधानी काबुल कब्जा गर्ने देखिएपछि तत्कालिन राष्ट्रपति असरफ घानीले देश छाडेकाले सहजै उनीहरुले सत्ता पाएका हुन।

### अफगानिस्तानमा भएको आक्रमणमा आइएसको हात

काबुल, २५ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा दुई दिनअघि भएको हिंसात्मक आक्रमणमा आइएसको हात रहेका बताइएको छ। तालिबानको सेनाले काबुलमा भएको सो हिंसात्मक विस्फोटमा परी कम्तीमा पनि ५० जनाको ज्यान जाने गरी भएको हमलामा आइएसको हात रहेको बताएको हो।

अफगानिस्तानका विद्रोही तालिबानहरुले गत महिना विद्रोह गरेर शासन हत्याएपछि गत शुक्रबार सबैभन्दा हिंसात्मक हमला भएको थियो। एक जना आत्मघाती बम हमलाकारीले उत्तरी अफगानिस्तानको कुन्दुजमा रहेको एउटा मस्जिदमा प्रार्थनाको समय पारेर सो आक्रमण गरेको थियो।

उक्त आत्मघाती हमलामा परी कम्तीमा ५० जना मारिएका अधिकारीहरूले बताएका छन्। अरु दर्जनौं व्यक्ति घाइते भएका छन्। यहाँको एक मस्जिदमा गरिएको सो हमलामा परी मारिएकामा अल्पसंख्यक सिया समुदायका नागरिक रहेका बताइएको छ। यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मेवारी भने लिएको छैन।

तर यहाँको सत्ता तालिबानले लिएपछि यस अघि पनि इस्लामिक स्टेटले कतिपय स्थानमा आइएसले हमला गरी नागरिकको हत्या गरेका थिए।

### भारतीय जनता पार्टीद्वारा युपीका लागि "१०० दिनका १०० कार्यक्रम" तयार

नयाँ दिल्ली, २५ असोज (रासस/एएनआई)।

भारतीय जनता पार्टीले उत्तर प्रदेशमा हुन लागेको विधानसभा निर्वाचनलाई लक्षित गर्दै १०० दिनका १०० कार्यक्रम तयार पारेको छ।

निर्वाचनमा आफ्नो पार्टीले बहुमत ल्याएमा १०० दिन भित्रमा गर्ने कामहरुको योजना भाजपाले तयार पारेको हो। मतदाताहरुलाई आकर्षित गर्नका लागि भाजपाले तयार पारेको महत्वाकांक्षी कार्यक्रमहरुको औपचारिक घोषणा भने पछि गरिने भएको छ।

पार्टीका प्रभावशाली नेताहरुले ती कार्यक्रमहरुको प्रस्तावलाई अन्तिम रुप दिइसकेको स्रोतले जनाएको छ।

प्रस्तावित कार्यक्रमहरुमा धेरैजसो कल्याणकारी कार्यक्रमहरु रहेको एक नेताले जानकारी दिएका छन्।

# पत्रकारिता क्षेत्रमा देखिएका बिकृतीलाई रोक्नु पर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

पत्रकारिता क्षेत्रमा भएका बिकृति, बिसंगति तथा पत्रकारिता क्षेत्रलाई सुद्दिढीकरण गर्न सबै ईमान्दार भएर अगाडी बढनुपर्नेमा सोमबार आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा आयोजित शुभकामना आदानप्रदान एवं वर्तमान कार्यसमिति सँगको अपेक्षा बिषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रमका वक्ताहरुले पत्रकारिता क्षेत्रको बिकासका लागि समन्वय र सहकार्य गर्दै कार्यसमिति अगाडी बढनुपर्ने सुझाव दिएका छन । सुचनाको पहुँच बढाउनुसँगै पत्रकारिता क्षेत्रको बिकास गर्न एकजुट हुनुपर्ने तथा पत्रकारिता क्षेत्रलाई थप मर्यादित बनाउनु पर्ने वक्ताहरुको सुझाव थियो ।

पत्रकारिताको नाममा गाडीमा प्रेस लेखाएर प्रेसको दुरुपयोग रोक्न कार्यसमितिलाई वक्ताहरुले ध्यानाकर्षण गराएका छन् ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतमा आयोजित कार्यक्रममा महासंघका केन्द्रिय सदस्य ललिता साह, पूर्व केन्द्रिय सदस्य अवधेश झा, जिल्ला बार सप्तरीका अध्यक्ष डोमन साह, पत्रकार महासंघ शाखा पुर्व अध्यक्ष बिष्णु मण्डल, बैजनाथ झा, धिरेन्द्र प्रसाद साह, संचारकर्मी मनोहर पोखरेल, अरूण तिवारी, हेमशंकर साह, बृतमान तामाङ, बिन्दु यादव लगायतले शुभकामना मन्तब्य व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा महासंघका अध्यक्ष देवले निर्वाचन समितिका संयोजक बैजनाथ झा तथा सदस्यहरु जिल्ला बारका अध्यक्ष डोमन साह, ध्रुब मण्डल, बस्नेत, राजेश झालाई कदर पत्र प्रदान गर्दै सम्मान गरेका थिए ।

यस्तै निर्वतमान कार्यसमितिका अध्यक्ष जितेन्द्र खडगा लगायत सम्पूर्ण पदाधिकारीहरु समेत कदरपत्र प्रदान गरि सम्मान गरिएको थियो ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा संचालित कार्यक्रममा उपाध्यक्ष बैधनाथ यादवले स्वागत मन्तब्य दिएका थिए भने कोषाध्यक्ष नवीनकुमार गुप्ताले कार्यसमितिको ६ महिना अवधीको प्रगति विबरण सार्वजनिक गरेका थिए ।

# जनज्योतीद्वारा पत्रकार महासंघलाई साउण्ड सिस्टम प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराजले नेपाल पत्रकार महासंघ सप्तरीको सभाहलका लागि साउण्ड सिस्टम जडान गरेको छ ।

महासंघद्वारा सोमबार आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत संस्थाले उक्त साउण्ड सिस्टम हस्तान्तरण गरेको हो ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले महासंघका अध्यक्ष श्रवणकुमार देवलाई माइक र रिमोट प्रदान गरेर साउण्ड सिस्टम हस्तान्तरण गरे ।

सो कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष मण्डलले सहकारी संस्था र संचारकर्मीबीच सुमधुर सम्बन्ध बिस्तार हुने विश्वास व्यक्त गरे ।

सो कार्यक्रममा महासंघका अध्यक्ष देवले जनज्योती सहकारी संस्थाले महासंघलाई प्रदान गरेको साउण्ड सिस्टमप्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा महासंघ र संस्थाबीचको समन्वयकारी भूमिका समेत बिस्तार हुने प्रतिबद्धता व्यक्त गरे ।

## *दुई महिना भित्रै...*

लाली), राजबिराज ८ का अध्यक्ष जयनारायण मण्डल, राजबिराज नगरपालिका ईन्जिनियर अशोक दास, लेखापाल जयराम यादब, वडा ६ का सचिव दिनेश प्रसाद यादब, बरिष्ठ पत्रकार गणेशलाल देब, नेपाल पत्रकार महासंघ सहसचिव चन्दन कुमार यादब लगायत वडाका अन्य समाजसेवीहरूलाई समेत गम्छा ओढाएर सम्मान गरिएको थियो ।

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



चन्द्रशेखर चौधरी
अध्यक्ष
राजविराज १, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



समिर झा
अध्यक्ष
राजविराज ५, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



प्रेमकुमार यादव
अध्यक्ष
राजविराज ६, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*